नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

पत्र संख्याः- ०८२/८३
चलानी नं.:-

सिंहदरबार, काठमाडौं
नेपाल ।

## प्रेस विज्ञप्ति

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारको माग तथा आवश्यकताका आधारमा दक्ष, प्रतिस्पर्धी, सीपयुक्त तथा उद्यमशील जनशक्ति उत्पादन गर्ने सम्बन्धी तपशिल बमोजिमका उद्देश्य सहित नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम ४(२) बमोजिम मिति २०८२/०४/१६ गतेको (मा. मन्त्रिस्तरीय) निर्णय अनुसार **"राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति नियमावली, २०८२"** जारी गरिएको छ।

- स्वदेश तथा विदेशमा रोजगारीका लागि उपयोगी हुने विषयहरू (ट्रेड) मा निर्धारित पाठ्यक्रम अनुसार **छ महिना अवधिसम्मको वा ७३० कार्यघण्टासम्म**का आधारभूत तथा क्षमता अभिवृद्धि सम्बन्धी व्यावसायिक तालिमको सञ्चालन तथा व्यवस्थापन गर्ने,
- दक्ष, प्रतिस्पर्धी र उद्यमशील जनशक्ति उत्पादन गर्न दीर्घकालीन तथा अल्पकालीन नीतिगत व्यवस्था गरी आवश्यक प्रशिक्षण कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्ने,
- समितिबाट सञ्चालित तालिमलाई अन्तर्राष्ट्रिय संघ, संस्थाबाट मान्यता दिलाउन आवश्यक पहल तथा व्यवस्था मिलाउने,
- सीप परीक्षण, स्तरीकरण तथा प्रमाणीकरण सम्बन्धी व्यवस्था गर्नु वा गराउनु,
- श्रमप्रधान तालिम प्रदायक संस्थाको पाठ्यक्रम र तालिम अवधिको निर्धारण गर्नु तथा त्यस्ता संस्थाले दिएको तालिमको परीक्षण गर्ने।

त्यसैगरी, मिति २०८२ साउन १४ गते नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार **"केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०८२** मार्फत वैदेशिक रोजगार ऐन, २०६४ मा संशोधन भई **वैदेशिक रोजगारमा जान दिइने ६ महिना अवधिसम्मको सीपमूलक तालिमको सीप परीक्षण राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानले गर्ने कानूनी व्यवस्था भएको** सम्बन्धित सबै जानकारीको लागि अनुरोध छ।

मितिः २०८२/०४/१९

(डण्डुराज घिमिरे)
सहसचिव/प्रवक्ता

टेलिफोन नं.:- ०१-४२११९६३, ४२००४७६, ४२११६७८, ४२११७९१, फ्याक्स नं.:- +९७७-०१-४२११८७७,
टोल फ्रि नं.:- १६६००१५०००५, श्रमाधान कल सेन्टर फोनः- ११४१, ईमेलः- admin@moless.gov.np/info@moless.gov.np, वेब साईटः- www.moless.gov.np